# कमलामाई नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## सिन्धुलीमाडी, सिन्धुली
## सिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धि सूचना
**(प्रथम पटक सूचना प्रकाशित मिति :- २०७५/०५/११)**

**यस कमलामाई नगरपालिकाबाट तपसिल अनुसारको निर्माण कार्य ठेक्का पट्टाबाट गराउनुपर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त निर्माण व्यवसायीहरूबाट निम्न सर्तहरूको अधिनमा रही सिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ ।**

१. प्रथम पटक सूचना प्रकाशित भएको मितिले तोकिएको म्याद भित्र यस कार्यालयमा पछि फिर्ता नहुने गरी तपसिलमा उल्लेख भए अनुसारको दस्तुर बुझाई लिखित निवेदनका साथ आ.व. ०७५/०७६ को लागि नवीकरण गरिएको इजाजतपत्र, स्थायी लेखा दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र र आ.व. ०७४/०७५ सम्मको कर चुक्ता प्रमाणपत्रहरू (नगरपालिकाको नियमानुसारको व्यवसाय कर समेत) का प्रमाणित प्रतिलिपि पेश गरी कार्यालय समयभित्र यस कार्यालयबाट सम्बन्धित निर्माण व्यवसायी वा अधिकार प्राप्त प्रतिनिधिले दरभाउपत्र खरिद गर्न सक्नेछ ।

२. खरिद भएको दरभाउपत्रमा उल्लेख भएका सबै विवरणहरू प्रष्टसंग भरी निर्माण व्यवसायीले प्रत्येक पानामा सहीछाप गरी सिलबन्दि गरी खाम बाहिर फर्मको नाम र दरभाउपत्र नं. प्रस्टसंग लेखी दरभाउपत्र खरिद गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको १२:०० बजेभित्र यस कार्यालयमा दर्ता गरी सक्नुपर्नेछ । यसरी दर्ता भएका दरभाउपत्रहरू सोही दिन दिनको २:०० बजे उपस्थित निर्माण व्यवसायीहरू र सरकारी कार्यालयका प्रतिनिधिहरूको रोहवरमा खोलिनेछ । निर्माण व्यवसायीहरू उपस्थित नभएमा पनि दरभाउपत्रखोल्न बाधा पर्ने छैन ।

३. दरभाउपत्रसर्त रहित हुनुको साथै दररेट महलमा अंक र अक्षर दुवैमा लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

४. दरभाउपत्रसाथ जमानतवापत उल्लेख भए अनुसारको रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक सिन्धुलीस्थित धरौटी खाता ***ग ३-१ धरौटी क.न.पा. (१०६०३०३००७१०२)*** मा नगदै जम्मा गरेको सक्कल बैंक भौचर वा घटिमा दरभाउपत्र दर्ता गर्ने अन्तिम मितिबाट ७५ दिन म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको बिडवण्ड अनिवार्य रूपले पेश गर्नु पर्ने छ । नगद जमानत (ठेक्का स्वीकृत हुनेमा) पछि बैंक ग्यारेण्टीमा परिवर्तन गर्न पाइने छैन ।

५. दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेको खण्डमा उक्त कार्यहरू क्रमशः कार्यालय खुलेको दिन सोही समयअनुसार गरिनेछ ।

६. म्याद भित्र दर्ता नभएका तथा रीत नपुगेका दरभाउपत्रहरू उपर कुनै कारवाही हुनेछैन ।

७. नेपाल सरकार तथा यस कार्यालयको हितलाई ध्यानमा राखी दरभाउपत्र स्वीकृत गर्ने, अस्वीकृत गर्ने तथा आंशिक स्वीकृत गर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ ।

८. यस सूचनामा केही संशोधन गर्नुपरेमा कार्यालयको सूचनापाटीमा टाँस गरिनेछ । दरभाउपत्र सम्बन्धी थप जानकारी चाहिएमा यस कार्यालयको योजना शाखामा सम्पर्क राख्न सकिनेछ ।

९. एक निर्माण व्यवसायीको नाममा खरिद गरिएको दरभाउपत्र अर्को निर्माण व्यवसायीको नामबाट दाखिला गर्न पाइनेछैन ।

१०. दरभाउपत्रमा दररेट उल्लेख गर्दा मूल्य अभिवृद्धि करबाहेकको मूल्य उल्लेख गर्नुपर्नेछ ।

११. दरभाउपत्रदाताले निर्माण स्थल र कामको सम्बन्धमा राम्ररी बुझी दरभाउपत्र भरेको मानिने छ ।

१२. यस सूचनामा उल्लेख नभएका कुराहरू सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावलि २०६४ तथा अन्य प्रचलित ऐन, नियम, कानुन अनुसार हुनेछ ।

| क्र.सं. | दरभाउपत्र नं. | कामको विवरण | लागत इस्टीमेट (मू.अ. कर र कन्टिन्जेन्सि बाहेक) रू. | दरभाउपत्र दस्तुर रू. | दरभाउपत्र वापत जमानत रकम रू. | दरभाउपत्र खरिद गर्ने अन्तिम मिति |
|---|---|---|---|---|---|---|
| १. | ०४।०७५।०७६ | सिन्धुलीगढी दरबार घेराबेरा गर्ने कार्य, वडा नं.-३, सिन्धुलीगढी, सिन्धुली | १७,३४,७३३।०२ | १०००।- | ४९,५००।- | प्रथम पटक सूचना प्रकाशित मितिबाट १५ दिनभित्र |
| २. | ०५।०७५।०७६ | बैठक कक्ष निर्माण कार्य, कमलामाई नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, सिन्धुली | १२,९८,११३।९२ | १०००।- | ३७,०००।- | प्रथम पटक सूचना प्रकाशित मितिबाट १५ दिनभित्र |
| ३. | ०६।०७५।०७६ | कार्यालय भवन रंगरोगन तथा मर्मत कार्य, कमलामाई नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, सिन्धुली | ८,५५,६९८।८५ | १०००।- | २४,५००।- | प्रथम पटक सूचना प्रकाशित मितिबाट १५ दिनभित्र |
| ४. | ०७।०७५।०७६ | राजश्व काउण्टर तथा कक्ष निर्माण, ९ नं. वडा कार्यालय, भिमान | ७,८५,१७७।३२ | १०००।- | २२,५००।- | प्रथम पटक सूचना प्रकाशित मितिबाट १५ दिनभित्र |

प्रमुख प्रशासकिय अधिकृत